**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०४ जून २०२५**
**समयः १८:५० - १६:०० बजे**

## मुख्य समाचार

- पश्चिम बंगाल माध्यमिक विध्यालय सेवा आयोगको नयाँ शिक्षक भर्ती सूचना विरूद्ध दायर याचिकाहरूमाथि कोलकाता उच्च अदालतमा भोली सुनवाई हुने संभावना।
- सिक्किम र दार्जीलिङ पहाड़मा अविरल वर्षाले गर्दा उत्तर बंगालमाबाढ़ीको स्थिति उत्पन्न। सिंचाई मंत्री दुई दिने उत्तर बंगाल भ्रमणमा।
- सिक्किमको लाचेनमा फसेका ११३ पर्यटकहरूको उद्धार गर्दै सेनाको हेलिकप्टर लाचेन पुगेको छ।
- उत्तर बंगाल र सिक्किममा भोली ठूलो वर्षा हुने संभावना।

## शिक्षक भर्ती

पश्चिम बंगाल माध्यमिक विद्यालय सेवा आयोग (WBSSC) को नयाँ शिक्षक भर्ती सूचनाको सम्बन्धमा कलकत्ता उच्च अदालतमा धेरै याचिकाहरू दायर गरिएका छन्, जसको सुनुवाइ भोलि जुन ५ मा हुने सम्भावना छ। निवेदकहरूले यो सूचनाले सर्वोच्च अदालतको अघिल्लो आदेशहरूको उल्लङ्घन गरेको आरोप लगाएका छन्।WBSSC ले मई ३० मा कुल ३५ हजार ७२६ शिक्षकहरूको भर्नाको लागि सूचना जारी गरेको थियो, जुन सर्वोच्च अदालतको मई ३१ सम्ममा सूचना जारी गर्ने निर्देशनको पालना थियो। यस सूचना सम्बन्धी धेरै निवेदनहरू मंगलबार न्यायाधीश पार्थ सारथी मुखर्जीको एकल बिदा बेन्चमा दायर गरिएको थियो, जुन अदालतले स्वीकार गरेको छ र त्यसमाथि पहिलो सुनुवाइ भोलि हुने सम्भावना छ।

## वेदर

आगामी चौबिस घण्टाभित्र दार्जीलिङ ,कालेबुङ , जलपाईगुड़ी कुचबिहार र अलिपुरद्वार जिल्लाहरूमा मेघ गर्जनसहित वर्षाहुने संभावना व्यक्त गरिएको छ। वर्षाका कारण तापमानामा केही राति मिले पनि बंगालको अधिकंश जिल्लामा आद्रता र गर्मीको स्थित जारी रहनेछ। उत्तर बंगालका जिल्लाहरूमा कही-कही भारी वर्षा को संभावना रहेको छ भने दक्षिण बंगलमा १२ जूनसम्म न्यूनतम मनसूनको कुनै संकेत छैन। मानसूनको आगमन नभएसम्म मानिसहरूले अस्थिर मौसम अनि तापमानमा उतार-चढ़ावको सामना गर्न पर्ने मौसम विज्ञान विभागले जानकारी दिइएको छ।

## राज्य सिंचाई मंत्री-सिलगढी भ्रमण

सिक्किम तथा उत्तर बंगालका पहाड़ी क्षेत्रमा गत केहि दिन देखि भई रहेको वर्षाले गर्दा तिस्ता नदीको जल स्तर अप्रत्यासित रूपमा बढेर गएको छ। यसले गर्दै उत्तर बंगालको दार्जिलिंगए जलपीगुड़ीए अलिपुरद्वार तथा कूचबिहार जिल्लाका कैयन भागहरूमा बाढीको स्थिति उतपन्न भेको छ भने कैयन ठाउँमा सड़क र बाँध धस्केकोले पानि खेतहरूमा पसेकोले हजारो एकड़ भूमिमा रहेको फसल नष्ट भएर गएको छ। बाढीको स्थितिको जायजा लिन तथा कुनै पनि अप्रत्यासित परिस्थितिको सामना गर्न स्थानीय प्रशासनको तयारीहरूको समीक्षा गर्न राज्यका सिंचाईमंत्री मानस भूइयाँ दुई दिने उत्तरबंगालको भ्रमणमा आज सिलगढी आई पुग्नु भएको छ। उहाँले आज सिलगड़ीको सर्किट हउसमा एक सम्वाददाता सम्मेलनलाई सम्बोधित गर्दै तिस्ता नदीले अहिलो विकराल रूप लिएको छ र यसले उत्तरबंगालका पाँच जिल्लामा कुनै पनि बेला प्राकृतिक आपदा निम्ताउने सक्ने बताएका छन्। मुख्यमंत्री ममता बनर्जीलेले उत्तरबंगालको परिस्थितिमाथि स्वयं नजर राखि रहेको तथा राहत र बचावको सबै उपायहरू राज्य सरकारले गरिरहेको बताउनु भयो। उहाँले अझ भन्नु भयो तिस्ता नदीको जल स्तर बढेकोले कैयन इलाका डुबानमा परेका छन तथा फालाकाटा ईलाकामा हजोरौ एकडमा रहेको मकै तथा पाटको खेती पूर्ण रूपमा नष्ट भएका छन्। उहाँले तिस्ता र अन्य सहायक नदीहरूको जस स्तर बढनाले खतरनाक परिस्थिति तपन्न भएको र जिल्ला प्रशासन सित स्थितिको समीक्षा गरिने बताउनु भयो।

उहाँले हालको वर्षाले गर्दा कैयन चीया बगानहरू पनि प्रभावित भएको बताउनु भयो। यसै बीच राज्य सरकारले चाँड़ै कृषि र पंचायत सचिवहरूको अगुवाईमा एउटा दल उत्तरबंगालको दौड़ाहा गर्ने तथा क्षयछतिहरूको आंकलन गरि रिपोर्ट दिने बताउनु भयो जसले गर्दा नोक्सानीहरूको भरपाई गर्न क्षतिपूरणको निर्धारण गर्न सकियोस। उहाँ स्वयंले पनि दुई दिने भ्रमण सकेर एउटा रिपोर्ट मुख्यमंत्रीलाई दिने बथाउनु भयो । उहाँले अझ भन्नु भयो उत्तरबंगालमा केवल सिक्किम र दार्जिलिग पहडाबाट उत्पन्न नदीहरूले गर्दै बाढीको भयावह स्थिति उतपन्न हुन्दै न तर छिमेकि भूटानबाट पनि करीब 76 वटा सान ठूला नदीहरू उत्तरबंगाल भेर बग्ने गर्द छनु। यसले गर्दा पनि बाढूको स्थिति भयावह भएर जाने गर्दछ। उहाँले भारत भूटान जल आयोग गठन गरिनु पर्ने पनि बचाउनु भयो।

**आरसा आतंकी नेटवर्क पर्दाफास**

पाकिस्तानी खुफिया एजेन्सी ISI को इशारामा बंगाल सहित पूर्वोत्तर भारतमा आतंकी षड्यन्त्र रचिरहेको श्अराकान रोहिंग्या साल्वेशन आर्मीश् अर्थातश्आरसाश् को नेटवर्कलाई कोलकाता पुलिस मुख्यालय लालबाजारको विशेष जांच दलले पर्दाफास गरेको छ।यस षड्यन्त्रमा दिल्लीए राजस्थान र जम्मूका रोहिंग्याहरूलाई संलग्न गराउने प्रयास भइरहेको थियो। अहिलेसम्म उत्तर भारतमा कम्तिमा 20 रोहिंग्याहरूको पहिचान भइसकेको छए जसलाई ब्रेनवाश गरि हमला गर्न तयार पारिएको थियो। यसमध्ये धेरैसित सोधपुछ गरेपछिए उत्तर बंगालको हिली सीमा क्षेत्रमा दुई अन्य रोहिंग्यालाई पक्राउ गरिएको छ। हाल उनीहरूसित सोधपुछ जारी छ।जानकारी अनुसारए आरसाश्श लाई पाकिस्तानको खुफिया एजेंसी आईएसआईबाट प्राप्त भईरहेको छ। यस आतंकी संगठनको नेता आताउल्लाह अबू अम्मार जुनुनी मूल रूपमा रोहिंग्या हो उसले म्यानमारको राखाइन राज्यमा अराकान रोहिंग्या मुक्ति सेना स्थापना गरेको थियोए जसले मुख्यतया रोहिंग्याहरूलाई संलग्न आतंकवादी गतिविधिहरू सञ्चालन गर्दछ।

**बंगाल कोरोना**

पश्चिम बंगालमा कोरोना संक्रमण फेरि एकपटक तीव्र गतिमा फैलिरहेको छ। स्वास्थ्य तथा परिवार कल्याण विभागले आज जारी गरेको तथ्याङ्क अनुसार, पछिल्लो 24 घण्टामा राज्यमा कोविड-19 का 60 नयाँ मामिला भेटिएका छन्। यसका साथै, राज्यमा सक्रिय मामिलाको कुल संख्या 4 सय 32 पुगेको छ। स्वास्थ्य मन्त्रालयले सोही अवधिमा कोरोनाबाट 28 बिरामीहरू पूर्ण रूपमा निको भएको पुष्टि गरेको बताएको छ।

**कांग्रेस नेता मालाकार टीएमसीमा सामेल**

उत्तर बंगालका एक जना दिग्गज कांग्रेस नेता शंकर मालाकार आज तृणमूल कांग्रेसमा सामेल भएका छन्। व्रतमानमा दार्जिलिंग जिल्ला कांग्रेस अध्यक्ष तथा पार्टीका राज्य र केन्द्रीय स्तरमा विभिन्न दायित्व निर्वाहन गर्दै आएका मालाकार आज कोलकातामा टीएमसी मुख्यालयमा पार्टी नेता र मंत्री अरूप विश्वसको उपस्थितिमा टीएमसीको सदस्याता ग्रहण गरे। कांग्रेस पार्टीले तत्काल प्रभाव देखि मालाकारलाई सबै पदहरू अनि पार्टी सदस्यताबाट बर्खास्त गरिदिएको छ। पश्चिम बंगाल कांग्रेस अध्यक्ष शुभंकर सरकारले मालाकारलाई पार्टीबाट निस्कासित गरिएको आदेश जारी गर्नु भयो। स्मरण रहोस मालाकार अनेक वर्ष देखि कांग्रेस पार्टालाई दार्जिलिंग पहाड र समतलमा थामी राखेका थिए। उत्तरबंगालको विकासमा सघाव पूर्याउन र ममता बनर्जीलाई बलियो पार्न आफू टीएमसीमा गएको कुरा उहाँले बताएका छन्। उत्तर बंगालमा कांग्रेको कुनै अस्तित्व नै नरहेको भन्दै यहाँ मुख्य मुकाबिला टीएमसी र भाजपा बीच रहेको बताएका छन्। सिलगड़ीको नक्सलबाड़ी बिधान सभाका पूर्व विधायक थिए। 10 वर्ष सम्म विधायक रहेका मालाकर टीएमसीमा सामेल हुन्दा कांग्रेस पार्टीलाई उत्तरबंगलामा ठूलो धक्का लाग्ने राजनीतिक विशेषज्ञहरूले बताएका छन्। आगामी वर्ष राज्यमा विधान सभाको चुनाव हुनु छ। हालै भाजपाका अलिपुरद्वारका पूर्व सांसद तथा पूर्व केन्द्रीय राज्यमंत्री जोन बार्ला पनि भाजपा त्यागेर टीएमसीमा सामेल भएका थिए। उत्तर बंगालमा भाजपा बलियो छ। यसैले मुख्यमंत्री ममता बनर्जी य, क्षेत्रमा पार्टीलाई बलियो पार्न राजनीतिक दलहरूमा तोडफोड गर्ने काम गरि रहेकी छन् भनि भाजपा र कांग्रेसले आरोप लगाएका छन्।

**पश्चिम बंगाल प्रशासनीक परिवर्तन**

राज्य सरकारले भारतीय पुलिस सेवाका बरिष्ठ अधिकारी राजीव कुमारलाई सूचना प्रौद्योगिकी एवं इलेक्टेरोनिक्स विभागको अतिरिक्त सचिवको पदबाट हटाएको छ। अब उहाँ केवल राज्यको पुलिस महानिदेशकको पदमा नै कार्यरत रहनु हुनेछ। राज्यसरकारले हिजो राति यस आशयको अधिसूचना जारी गरेको थियो। जसलाई राज्पाल डा.सी बी आनन्द बोसले स्वीकृति दिनु भएको हो। सूचना प्रौद्योगिकी एवं इलेक्टेरोनिक्स विभागको अतिरक्त सचिवको पदभार बरिष्ठ आईएएस अधिकारी अनुप कुमार अग्रवाललाई दिइएको छ।

**तीस्ता हाइडल प्रोजेक्ट  शव बरामद**

सिलगढीको फाँसीदेवामा टिस्टा हाइडल प्रोजेक्टको लक गेटबाट एक अज्ञात व्यक्तिको शव भेट्टाईएको छ।प्राप्त जानकारी अनुसार, आज तीस्ता हाइडल प्रोजेक्टको ड्यूटीमा तैनात सुरक्षा गार्डले पानीमा एउटा शव देखेपछि फांसीदेवा थानाको पुलिसलाई यसको जानकारी दिए। जानकारी पाएपछि पुलिस घटनास्थलमा पुगे र शवलाई आफ्नो कब्जामा लिएर पोस्टमार्टमको लागि उत्तर बंगाल मेडिकल कॉलेज एवम अस्पताल पठाईएको छ।

**सिलगड़ीमा जलसंकट -भाजपा माकपाको प्रदर्शन**

सिलगड़ीमा जलसंकट उल्पन्न भएको छ। पीउने पानीको अभावले नगरवासी मार्कामा परेका छन्। सिलगजडी नगर निगमले पीउने पानीको आपूर्ती बहाल गर्न नसकेकोले आज पनि बाजपा र माकपाका नेताहरूले आफ्ना समर्थकहरूका साथ बाल्टी, गागरी आदि लिएर विरोध प्रदर्शन गरे। गर्मीको समयमा सिलगडीका कैयन वार्जहरूमा पानी सठीक ढंगमा पुग्न लकेको छैन। यसैले स्थानीय मानिसहरू परेशान भएका छ्। नगर निगमले पीउने पानी अभावग्रस्त इलाकाहरूमा ट्यंकरहरूद्वारा तत्काल जल आपूर्ति गरोस भन्ने दबाव हाल्न बोरोग -एक कार्यालय समक्ष बाजपाले प्रदर्शन गर्यो भने बोरोघ -दुई कार्यालय समक्ष माकपाले विरोध प्रदर्शन गर्यो। विश्वदीप सिनेमा हल देखि मालागुड़ी सम्म स्थानीय मानिसहरूलाई लिएर एउटा रैली पनि निकालियो। जसमा भाजपा नेताहरू सामेल थिए। भाजपा र माकपा-ले सिलगढ़ी नगर निगमका मेयर गौतम देवको राजीनामाको माग पनि गरे।

**लाचेन पर्यटक -सेना उद्धार**

सिक्किममा लगातार वर्षाले गर्दा जनजीवन प्रबावित बनेको छ विशेष गरि उत्तर सिक्किममा। अहीले सम्म उत्तर सिक्किममा फेंसेका झण्डै 1300 पर्यचकहरूलाई सुरक्षित उद्धार गरिएको छ भने लाचेनमा अझै पनि 113 जना पर्यटकहरू फंसेका छन्। यी पर्यटकहरूको उद्दार का लागि आज सेनाले विशेष अभियान चलाएको छ। पर्यटकहरूलाई सुरक्षित निकाल्न सेनाले आफ्नो हेलिकप्टर खट्टाएको छ। ताजा प्राप्त जानकारी अनुसार सेनाको हेलिकप्टर लाचेन पुगि सकेको छ। खराब मौसमले बचाव कार्यमा केहि बाधा उत्पन्न गरे तापनि पर्टकहरूलाई आज वा बोली सम्ममा सुरक्षित उद्दार गरिने प्रबल सम्भावना छ। केहि दिन देखि राज्यमा जारी अविरल वर्षाले गर्दा कैयन मार्ग र पूल क्षतिग्रस्त भएका छन् भने जलविद्युत परियोजनालाई पनि प्रबावित बनाएको छ। तिस्ता नदीको जस स्तर बढेर गएकोले नदी किनारमा बस्ने मानिसहरूलाई खतरा उत्पन्न भएको छ। यस वराषा र पैह्रोमा परि कैयन पर्यचक र सेना का जवानहरूले ज्यान गुमाउन परेको छ।

****** ० ******